जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
म.वि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४३ अंक ३० २०८१ साल फागुन २५ गते आइतवार (9 Mar. 2025 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** लालपूर्जाको माग गर्दै ... **पृष्ठ ३ मा :** संसदीय पत्रकारिता सीमित ... **पृष्ठ ४ मा :** जनप्रतिनिधिले स्वास्थ्य क्षेत्रमा ... **पृष्ठ ५ मा :** पाकिस्तानले अफगानी नागरिक ...

# सप्तरीको तीन नगरपालिका चलाउँदै महिला



**गिता चौधरी, प्रमुख**
**सुरुङ्गा नगरपालिका**



**इसरत परविन, कार्यवाहक प्रमुख**
**राजविराज नगरपालिका**



**अनिता चौधरी, कार्यवाहक प्रमुख**
**शम्भुनाथ नगरपालिका**

**राजविराज**/सप्तरीको १८ वटा पालिका मध्ये तीन नगरपालिका अहिले महिला नै प्रमुख भएर चलाइरहेकी छिन्। जसमध्ये दुई नगरपालिकामा कार्यवाहक र एकमा निर्वाचित महिला नै प्रमुख भएर चलाइरहेकी छिन्।

ती मध्ये सुरुङ्गा नगरपालिकाकी प्रमुख गिता चौधरी तथा राजविराज नगरपालिकामा इसरत परवीन र शम्भुनाथ नगरपालिकामा अनिता कुमारी चौधरीले हाल कार्यवाहक प्रमुखको रुपमा नगरपालिका चलाइरहेकी छिन्।

गिता चौधरी नेपाली काँग्रेसबाट निर्वाचित प्रमुख हुन् भने इसरत परवीन जसपा नेपाल र अनिता चौधरी नेकपा एकिकृत समाजवादीबाट उपप्रमुखमा चुनाव जितेकी हुन्।

राजविराज नगरपालिकाका प्रमुख भिमराज यादव तथा शम्भुनाथ नगरपालिकाका जितेन्द्र प्रसाद गुप्ता अख्तियार दूरुपयोग अनुसन्धान आयोगको कारवाहीमा परेपछि ती दुवै पालिकाका उपप्रमुख अहिले कार्यवाहक प्रमुख भएर पालिकाको नेतृत्व गर्ने अवसर पाएकी हुन्।

यसरी नगर हाँक्ने नेतृत्वको अवसर पाएकी तीनवटै नगरप्रमुखले घर व्यवहारसंगै नगर विकास निर्माण कार्यमा खरो उत्रने गरि काम गरिरहेको बताउछिन्।

राजविराज नगरपालिकाकी कार्यवाहक नगरप्रमुख इसरत परवीन भन्छिन्, "नगरपालिकाको अवस्था दयनिय रहँदा र विकास निर्माणको कामले गति लिन नसकेका बेला आफूले कार्यभार सम्हालेको र विस्तारै विस्तारै अवस्थामा सुधार आउन थालेको छ।" उनी भन्छिन्, "कसै-कसैबाट विभिन्न भ्रामक हल्ला फिजाएर आफ्नो मनोवल घटाउने प्रयास भएपनि सुशासन र पारदर्शिता वृद्धिका लागि थालेको प्रयासमा कुनै कमी आउने छैन्।"

बर्षौंदेखि अतिक्रमणको चपेटामा रहको नगर क्षेत्रका अधिकांश अतिक्रमित जग्गा खाली गराउन सफल भएको भन्दै उनले यसले निकै आत्म संतुष्टि मिलेको समेत सुनाएकी छिन्।

सुरुङ्गा नगरपालिकाकी प्रमुख गीता चौधरीले यसपालिकाको विकासमा आफूलाई सबै जनप्रतिनिधिको साथ र सहयोग रहेकाले काम गर्न सहज भएको प्रतिक्रिया दिएकी छिन्। उनले विकास निर्माण संगै महिला सशक्तिकरणका लागि समेत आफूले विभिन्न योजना कार्यान्वयमा ल्याएको जानकारी दिईन्। मधेश प्रदेशमै सुरुङ्गा नगरपालिकालाई पहिलो बालविवाह मुक्त पालिका घोषणा गर्न सफल भएको भन्दै उनले यसले आफूलाई थप हौसला मिलेको बताईन्।

शम्भुनाथ नगरपालिकाको कार्यवाहक नगरप्रमुख अनिता चौधरी जिम्मेवारीले दैनिकी बदलिएको भएपनि प्रमुखको भूमिका कुशलतापुर्वक निर्वाह गरिरहेको बताएकी छिन्।

सप्तरीको १८ पालिका मध्ये गत स्थानिय तहको निर्वाचनमा नेपाली काँग्रेसले सर्वाधिक पाँच पालिकामा प्रमुख पदमा जित हासिल गरेको थियो। यस्तै जसपा, लोसपा र नेकपा एमालेले तीन-तीन, जनमतले दुई तथा नेकपा एकिकृत समाजवादी र नेकपा माओवादी केन्द्रले एक-एक प्रमुख पदमा जित निकालेको थियो।

# ठूलो परिमाणको प्रतिबन्धित लागु औषध गाँजासहित अवैध मालसामान बरामद



**राजविराज**/राजविराजस्थित एक गोदाममा छापा मारेर सप्तरी प्रहरीले ठूलो परिमाणको प्रतिबन्धित लागु औषध गाँजासहित अवैध मालसामान बरामद गरेको छ।

गोप्य सुचनाका आधारमा प्रमुख जिल्ला अधिकारी भोला दाहाल नेतृत्वको पुगेको प्रहरी टोलीले राजविराज ९ मलेठस्थित गोदाममा छापा मारेर ठूलो परिमाणमा गाँजा र अवैध मालसामान नियन्त्रणमा लिएको हो।

बरामद सामानहरुमा करिब २४ क्विन्टल गाँजा, १ सय ४२ कार्टून स्याउ, कपडा, चिनी, सुर्ती, सेनिटरी प्याड लगायतका सरसामान छन्।

उक्त गोदाम घर कसैले भाडामा लिइ तस्करीको मालसामान र प्रतिबन्धित लागु औषध गाजा भण्डारण गर्ने गरेको र मौका हेरी तस्करी गर्ने गरेको चर्चा रहेको छ।

अनुसन्धानको क्रममा प्रहरीले गोदाम भित्र राखिएका कार र स्कारपीयो तथा गोदाम बाहिर मालसामान लोड अनलोड गरिरहेका २ वटा ट्रक गरी ४ वटा सवारी साधन समेत नियन्त्रणमा लिएको छ।

यसैबीच प्रहरीले उक्त घटना सम्बन्धमा पत्रकार सम्मेलन गरि बिस्तृत जानकारी दिएको छ। प्रहरीले गोदामबाट ठूलो परिमाणमा बरामद प्रतिबन्धित लागु औषध गाजा र पक्राउ परेका चौकीदारलाई शुक्रबार सार्वजनिक गरेको छ।

पक्राउ परेका चौकीदार ६६ वर्षिय रामनारायण यादव भारत बिहार राज्यको मधुवनी जिल्लाको कुलदौरा ग्रामपंचायत वडा नं. १० छातापुर टोलका बासिन्दा हुन्।

प्रहरीले उक्त गोदामबाट ८० वडा प्लास्टिकको प्याकेटभित्र राखिएको २ हजार ४ सय ५१ किलो गाजा, कपडा, सेनिटरी प्याड, चिनी, सूर्ती, हार्डवेयर लगायतका सरसामान बरामद गरेको थियो।

यस्तै गोदाम बाहिर एक ट्रकबाट अर्को ट्रकमा लोड भइरहेको ४२ लाख मुल्य बराबरको १ सय ४२ कार्टुन स्याउ समेत नियन्त्रणमा लिई दुबै ट्रक र चालकसहित राजविराज भन्सार कार्यालय चलान गरिएको थियो।

सोही पत्रकार सम्मेलनमा प्रहरी उपरिक्षक ढकेन्द्र

***बाँकी अन्तिम पृष्ठमा***

# नाबालिकालाई बलात्कार गर्ने एक पक्राउ, अर्का फरार

**राजविराज**/सप्तरी प्रहरीले एक १५ वर्षिया नाबालिकालाई बलात्कार गरेको आरोपमा एक युवकलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा जिल्लाको महादेवा गाउँपालिका वडा नं. ३ बस्ने १९ वर्षिय कैला भन्ने सुमित कुमार यादव छन्। प्रहरीका अनुसार उनी पीडित किशोरीको घर नजिकै किराना पसल संचालन गरी वस्दै आएका छन्।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार गत फागुन १५ गते ती नाबालिका आफ्नै घर बाहिर शौच गर्न निस्कदा आँगनमा रहेको कलमा पानी लिन [redacted] हात समाती [redacted]मा लगी जवरजस्तीकरणी गरेर फरार भएका थिए।

अघिल्लो दिन गाउँ घरमै लुकी वसेको अवस्थामा पक्राउ परेका उनलाई सोमवार सप्तरी जिल्ला अदालतबाट म्याद थपेर जबरजस्ती करणी मुद्दामा थप अनुसन्धान भइरहेको प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए।

यसअघि जिल्लाकै छिन्नमस्ता गाउँपालिका ७ मा पनि छिमेकीद्वारा ५ वर्षिया बालिका बलात्कृत भएकी थिइन्। उक्त घटनामा संलग्न सोही वडा निवासी १९ वर्षिय कुदुस अझै फरार छन। उनको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ।

सुत्केरीको स्वास्थ्यमा ध्यान पुऱ्याऔं

➢गर्भावस्थामा कम्तिमा आठ पटक स्वास्थ्य जाँच गराऔं,
➢स्वास्थ्य संस्थामा नै प्रसुति सेवा लिऔं,
➢नियमित पोषिलो खानेकुरा खुवाऔं,
➢बच्चा जन्मनेवित्तिकै बिगौती दुध खुवाऔं,
➢ छ महिनासम्म आमाको दुधमात्र खुवाऔं,
➢बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराऔं,
➢राष्ट्रिय खोप तालिकाअनुसार बालवालिकालाई सबै खोप लगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### आगलागिका घटना हुनबाट सावधानी अपनाऔं

आगलागिका घटना हुनबाट आवश्यक सावधानी अपनाउनु जरुरी छ । यस्ता घटनाबाट बच्न आफै सतर्कता अपनाउनु पर्छ । फागुनदेखी बैशाख महिनासम्म सुख्खायाम र हावाहुरी चल्ने मौसम हो । यस मौसममा जिल्लाको ग्रामिण क्षेत्रमा आगलागिका घटनाहरु हुने गरेको पाइन्छ । यसबाट जोगिन बिहानै खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाउनु पर्छ । खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसाल्नुपर्छ, दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने लगायतका सचेतना अपनाउनु जरुरी छ ।

त्यस्तै सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं, घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं, गुहाली (गाईगोठ) मा घुर बाल्दा सावधानी अपनाऔं, घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ । गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं । यस्ता सचेतनाका उपायहरु अपनाउन सके पक्कै पनि आगलागिका घटनामा नियन्त्रण पाउन सक्छौं ।

तसर्थ आगलागीका घटना न्यूनिकरणको प्रयासमा सबै लाग्नु जरुरी छ । यस सम्बन्धमा जनचेतना फैलाउनु पनि उत्तिकै आवश्यक छ भने स्थानीय पालिकाहरु यसप्रति बढी जिम्मेवारी हुनु पनि उत्तिकै आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# लालपूर्जाको माग गर्दै आन्दोलन चर्किंदै जाँदा संघर्ष समिति गठन





**राजविराज**/बिटौरी तथा ब्लक जग्गाको लालपूर्जाको माग गर्दै आन्दोलन चर्किंदै जाँदा राजविराज नगरपालिकाको पहलमा संघर्ष समिति गठन गरिएको छ ।

संघर्ष समितिका पदाधिकारीसहितको सर्वदलिय बैठकले ९ सदस्यीय समिति गठन गर्ने निर्णय भएको हो ।

प्रमुख जिल्ला अधिकारी भोला दाहाल तथा सुरक्षा निकायका प्रमुखसहित सहभागी बैठकबाट उक्त समस्या समाधान गर्न नगरपालिकाको अधिकृतको नेतृत्वमा ९ सदस्यीय समिति गठन गरिएको छ ।

समितिमा नापी कार्यालय, भुमिसुधार तथा मालपोत कार्यालय, भुमि समस्या समाधान आयोग र वडा अध्यक्षबाट १/१ तथा संघर्ष समितिबाट दुई जना प्रतिनिधी राखिएको छ ।

१५ दिने समय सीमा तोकिएको उक्त समितिले निर्धारित समय भित्रै समाधानका उपायसहित प्रतिवेदन बुझाउने र त्यसपछी नगरपालिकाले आवश्यक प्रक्रिया सुरु गरी संघर्षरत पक्षको माग सम्बोधन गर्ने सहमति बनेको राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परवीनले जानकारी दिइन् ।

यसअघि बिटौरी र ब्लक जग्गाको लालपूर्जासहित विभिन्न सात बुंदे माग राख्दै राजविराज नगरवासी गत आईतवार संघर्ष समितिको आह्वानमा बजार बन्द गरिएको थियो ।

पुस्तौ देखी बिटौरी र ब्लक जग्गामा वसोवास गर्दै आएका राजविराज नगर पालिकाका वासिन्दाहरु उक्त समस्या समाधानको माग गर्दै यस अघि दर्जनौ पटक राजविराज नगरपालिका तथा प्रमुख जिल्ला अधिकारी मार्फत सरोकारवाला निकाय र प्रधानमन्त्रीसम्म ज्ञापन पत्र पठाइ ध्यानाकर्षण गराउँदा पनि कुनै सुनवाइ नभएका भन्दै बाध्य भइ चरणबद्ध आन्दोलनको कार्यक्रम घोषणासहित सडक संर्घषमा उत्रेको संघर्ष समितिले जनाएको छ ।

पूर्वघोषित कार्यक्रम अनुसार नगरवासीद्वारा गठित संघर्ष समितिका संयोजक ईरसाद अन्सारी, जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साह, उद्योग वाणिज्य संघ सप्तरीका माहासचिव अमृत संचेती, राष्ट्रिय मुक्ती पार्टीका केन्द्रिय सदस्य गजेन्द्र कुमार मण्डल, जिल्ला इर्न्चाज दिपेन्द्र चौधरी, नेपाली काँग्रेसका युवा नेता शम्भुलाल देव, प्रभात ललन, अनिल देव, लोसपाका नेता राम अशिष प्रसाद साह लगायतको अगुवाईमा सयौंको संख्यामा निस्केको जुलुस प्रर्दशन सहित बजार बन्दको आह्वान गर्दै सडकमा निस्केका थिए ।

बन्द आह्वानकर्ताले राजविराजको अन्य समस्या पनि समाधानको माग गरेका छन । राजविराज हटियामा निर्माणाधीन व्यवसायिक कम्प्लेक्स अविलम्ब पुरा गरी व्यवसायीलाई हस्तान्तरण, साकेत पार्क निर्माण, राजरंगशालाको स्तरोन्नती लगायत माग पनि उनीहरुले अघि सारेका छन ।

संघर्ष समितिले नगरको करिब ६८ विगहा क्षेत्रफलमा बिटौरी तथा ब्लक जग्गामा पुस्तौ देखी वसोवास गर्दै आएका करिब ५ हजार २ सय परिवार अहिले सम्म लालपुर्जा पाउन नसकेको भन्दै अविलम्ब लालपुर्जा उपलब्ध गराउनु पर्ने प्रमुख माग उठाएका छन ।

पहिलो चरणमा संघर्ष समितिले फागुन १८ गते राजविराज बजार बन्द, फागुन २१ गते नगरमा कालो झण्डा झुण्ड्याउने, फागुन २५ गते राजविराजस्थित नापी र मालपोत कार्यालयमा तालाबन्दी तथा चैत ४ गतेदेखी स्थानीय गजेन्द्र चौकमा अनिश्चितकालिन रिले अनसन लगायतका आन्दोलन कार्यक्रम घोषणा गरेका थिए ।

यता राजविराज नगरवासी पीडित संघर्ष समितिले बिटौरी तथा ब्लक जग्गाको समस्या समाधानका लागि सुरु भएको आन्दोलन स्थानीय प्रशसनको आग्रहमा दुई साताका लागि स्थगित भएपनि समस्या समाधान नभए पुनः संघर्षका लागि तयारी अवस्थामा रहन आग्रह गरेको छ ।

संघर्ष समितिका संयोजक इरसाद अन्सारीले प्रेस विज्ञप्ति जारी गर्दै यस्तो आग्रह गरेका हुन् । उनले समस्या समाधान नभए पुनः आन्दोलनमै जाने बताए । भावी आन्दोलनका लागि वडा वडामा संघर्ष समितिको गठनको काम भइरहेको जानकारीका साथ विज्ञप्तिमा हालसम्म प्राप्त सहयोगका लागि सबैलाई धन्यवाद दिइएको छ ।

# नागरिकतामा कीर्ते गरि ठगि धन्दा चलाएका दुई पक्राउ

**राजविराज**/नागरिकतामा कीर्ते गरि ठगि धन्दा चलाएको आरोपमा सप्तरी प्रहरीले दुई जनालाई पक्राउ गरि सार्वजनिक छ ।

नागरिकतामा कीर्ते गरि खाताधारीलाई थाहै नदिई बैंकमा खाता संचालन गरेर लाखौं रकम ठगि गर्ने धन्दामा संलग्न दुई जनालाई प्रहरीले शुक्रबार सार्वजनिक गरेको हो ।

पक्राउ पर्नेमा राजविराज नगरपालिका १२ घर भई हाल वडा नं. ५ मा बसोवास गर्दै आएका २० वर्षिय अरुण कुमार यादव र २८ वर्षिय अभिशेक यादव छन् ।

प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाका अनुसार उनीहरुले २०८० असारमा राजविराज नगरपालिका वडा नं. १२ का बिजय कुमार यादवको चोरी भएको नागरिकतामा आफ्नो फोटो टाँस गरि किर्ते गरि विराटनगरस्थित सिटिजन बैंकमा खाता खोलेका थिए । सोही खातामार्फत उनीहरुले ठगि धन्दा चलाउदै विभिन्न व्यक्तिबाट लाखौं रकम ठगि गरेको पाइएपछी अदालतबाट पक्राउ अनुमति लिई नियन्त्रणमा लिइएको उनले बताए ।

दुबै जनालाई शुक्रबार नै नागरिकता सम्बन्धी कसुर र ठगिमा सप्तरी जिल्ला अदालतबाट पाँच दिनको म्याद थपेर आवश्यक अनुसन्धान थालिएको प्रहरी उपरिक्षक खतिवडाको भनाई छ ।

पीडित बिजय कुमार यादवका अनुसार २०८० असार महिनामा आफ्नो चोरी भएको सप्तरी जिल्ला प्रशासन कार्यालयबाट जारि १६-०१-७१-०८९५ नम्बरको नागरिकता प्रमाणपत्रमा किर्ते गरि उनीहरुले बिराटनगरस्थित सिटिजन बैंकमा १७००१०००००८०१० नम्बरको खाता संचालनमा ल्याएका थिए ।

त्यसपछी विभिन्न आकर्षक योजना र बैदेशिक रोजगारीको नाममा उनीहरुको चितवनकी करुणा सुनुवारबाट ९० हजार, सुनसरीका मनिकुमार राईबाट २ लाख ८१ हजार र आयुष राईबाट २ लाख १५ हजार रुँपैया ट्रान्सफरको माध्यमबाट झिकाई ठगि गरेका थिए ।

आफूलाइ थाहै नदिई खोलिएको खाताबाट ठगि धन्दा चलाएका व्यक्तिबाट ठगिएकाहरु आफू बिरुद्ध नै प्रहरीमा उजुरी दिएपछी प्रहरीलाई सबै कुरा जानकारी गराएको र सुक्ष्म अनुसन्धान हुँदा सत्यतथ्य बाहिरिएको पीडित बिजय यादवको भनाई छ ।

# संसदीय पत्रकारिता सीमित व्यक्तिका लागि मात्रै हो ?

**जीवन भण्डारी**

संघीय संसद् सचिवालयले पत्रकारद्वय किशोर श्रेष्ठ र प्रकाश ओलीलाई दिइएको सचिवालयको प्रेस-पास निलम्बन गरेपछि अहिले विभिन्न सवाल उठेका छन् । कतिपयले यसलाई ठिक भनिरहेका छन् । ठिक भन्नेहरुको तर्क छ– नयाँ पत्रकारको अराजकता नियन्त्रण आवश्यक थियो ।

यस्तै, कतिपयले प्रेस-पास रद्ध गर्ने कार्यलाई अलोकतान्त्रिक र निरंकुशतापूर्ण कदम भनेका छन् । संसद्जस्तो तटस्थ र उदार हुनुपर्ने निकायबाट इतिहासमै सम्भवतः पहिलोपटक भएको यस घटनाले थप चिन्तित बनाएको प्रेस स्वतन्त्रता पक्षधरहरूको तर्क छ । उनीहरूका अनुसार अमर्यादित प्रश्न सोधेको भन्ने सामान्य कमजोरीको बदलामा प्रेस-पास निलम्बन गर्नेजस्तो कठोर कारबाही न्यायोचित छैन ।

यस विषयमा यसरी उदारतापूर्वक समाधान खोज्ने र नियन्त्रण गरेर समाधान खोज्नेबिच तर्क-वितर्क चलिरहेको छ । बालबालिकालाई पिटेर सिकाउने कि सम्झाइबुझाइ गरेर सिकाउने भन्ने दुई फरक विचार राख्नेहरूको तर्क-वितर्कजस्तै हो यो । प्रेस-पास निलम्बन गर्नु ठिक छ भन्नेहरू बच्चालाई पिटेर सिकाउनुपर्छ भन्ने मान्यता राख्नेहरू हुन् भने प्रेस-पास निलम्बन गर्नु हुँदैन भन्नेहरू बच्चालाई सम्झाइबुझाई गरेर अगाडि बढाउनुपर्छ भन्ने मान्यता राख्नेहरू हुन् ।

नियन्त्रण गरेर समाधान खोज्नुपर्छ भन्ने मूल्य०स–मान्यताबाट निर्देशित विचार भएकाहरूले संसद् एउटा विशिष्ट थलो हो, त्यहाँ अन्य ठाउँमा भन्दा धेरै मर्यादा हुन्छ, त्यसैले सिधा र कडा प्रश्न गर्नु हुँदैन भन्ने तर्क गर्छन् । उनीहरूले संसदीय रिपोर्टिङका लागि निश्चित पत्रकारहरूलाई मात्रै अधिकार दिनुपर्छ, अरुलाई निषेध गर्नुपर्छ भन्ने मान्यता राख्छन् । उनीहरूले संसदीय पत्रकारिता केही विशिष्ट पत्रकारहरूले मात्रै जान्दछन्, उनीहरूले मात्रै जान्नुपर्दछ, अरुले जान्दैनन् र जान्नु आवश्यक छैन भन्ने ठान्छन् । उनीहरूले संसदीय पत्रकारितासम्बन्धी तालिम निश्चित केही व्यक्तिहरूलाई मात्रै दिनुपर्छ, उनीहरूका बिचमा मात्रै यस विषयमा छलफल चलाउनुपर्छ, अरुलाई यस्ता तालिम र सिकाइ गराइरहनुपर्दैन भन्ने सोच्छन्, यस्तो सोच दशकौँदेखि हाबी छ ।

यस्तै सोचाइ राख्नेहरूको प्रभावमा परेरै एउटा अवैध एनजीओको ठेकेदारी र सिन्डिकेटमा, एउटा आईएनजीओको सहयोगमा संसद् सचिवालयले हरेक वर्ष तारे होटल वा रिसोर्टहरूमा केही तालिम तथा छलफल कार्यक्रमहरूको आयोजना गर्छ, तर ती कार्यक्रममा कहिल्यै नयाँ पत्रकारलाई बोलाइँदैन । दशकौँदेखि २५-३० जना उही पत्रकारहरूलाई मात्रै बोलाइन्छ । उनीहरूले पुरानै कुरामा सामान्य बुद्धिविलास गर्छन्, फ्रेस भएर फर्किन्छन् । उनीहरूले कहिल्यै पनि संसदीय पत्रकारितामा नयाँ प्रविधिका साथ नयाँ पत्रकारहरू आएका छन्, उनीहरूलाई पनि यसबारे सिकाउनुपर्छ, छलफलमा सहभागी गराउनुपर्छ भन्ने ठानेनन् । अनि उनीहरूले नै आज नयाँ पत्रकारहरूलाई मर्यादाको उपदेश दिइरहेका छन् ।

यिनीहरू नै केही वर्ष अगाडिसम्म रेडियोमा काम गर्नेलाई होस् वा टीभीमा काम गर्नेहरूलाई पत्रकार मान्न तयार थिएनन् । लेख्ने पत्रकार त पत्रिकामा काम गर्नेहरू मात्रै हुन्, विद्युतीय मिडियामा काम गर्नेहरू त बोल्ने र देखाउने मात्रै हुन्, उनीहरूले धेरै बुझ्दैनन् भन्थे । जबकि रेडियो, टीभी र अनलाइनमा काम गर्नेहरूले संसद् सम्बन्धी समाचार एक दिनमा चारवटा लेख्थे भने पत्रिकामा काम गर्नेहरूले चार दिनमा एउटा लेख्थे । तर पनि पत्रिकामा काम गर्नेहरूले आफूहरू मात्रै सक्रिय र खास पत्रकार भएको स्वघोषणा गर्दथे । उनीहरूले त्यति बेला पनि रेडियो, टीभी र अनलाइनका पत्रकारलाई प्रेस-पास दिनु हुँदैन भनेर खुलेआम पैरवी गर्थे । हो, त्यही मान्यताबाट ग्रसितहरूले आज जनताको सर्वाधिक पहुँचमा रहेको र सर्वाधिक लोकप्रिय हुँदै गएको डिजिटल मिडियामा कार्यरत पत्रकारलाई पत्रकार मान्न तयार छैनन् ।

उनीहरूले नयाँ पत्रकारहरूलाई क्रियटरको संज्ञा दिएर आफू मात्रै पत्रकार भएको स्वघोषणा गरेका छन् । आजको वैचारिक द्वन्द्व यहीँनेर हो – पुराना मिडियामा काम गर्नेहरू वा केही पुराना पत्रकारलाई मात्रै संसदीय पत्रकारिताको ठेक्का हो कि न्यु मिडिया र नयाँ पत्रकारहरूलाई पनि संसदीय पत्रकारिता गर्ने अधिकार छ ?

हामी भन्छौँ, यो अधिकार पुरानालाई मात्रै होइन, नयाँलाई पनि समान रूपमा छ । उनीहरू भन्छन्, अधिकारका लागि त ढंग हुनुपर्‍यो नि । हो, ढंग हुनुपर्छ भन्ने कुरामा हामी पनि सहमत, तर दशकौँदेखि तालिम र छलफल कार्यक्रम पुराना सीमित व्यक्तिका लागि मात्रै हुने, अनि नयाँ पत्रकारहरूले चाहिँ तालिम र छलफलविना नै जान्दिनुपर्ने ? नयाँलाई पुरानाले सिकाउने हो कि ? तिमीहरूले जान्दैनौ भन्दै निषेध गर्ने हो ? सिकाउनेतिर नलाग्ने, अनि जानिनस् भन्न मिल्छ ?

पहिला सिकाऊ, त्यसपछि पनि चेतेनन् भने बल्ल कारबाहीका कुनै उपायतिर लाग्ने आधार हुन्छ । कुनै पनि व्यक्तिलाई जसले लगानी गर्छ, उसले मात्रै फलको आस गर्न पाउँछ । लगानीविना फलको अधिकार हुँदैन । अहिले संसद् सचिवालयले नयाँ पत्रकारहरूसँगको अपेक्षा लगानीविनाको फल खोजेजस्तै हो । सिकाउँदै नसिकाई तेरो ढंग भएन भन्न संसारभर कहीँ पनि पाइँदैन । यो ध्रुवसत्य मान्यता हो ।

अर्को कुरा उनीहरूले संसद्लाई गरिमामय र संवेदनशील ठाउँ भएकाले जो पायो त्यही मान्छे त्यहाँ जान मिल्दैन भन्दै ठुल्ठुला उपदेश दिन्छन् । संसार कहाँ पुगिसक्यो, उनीहरू अझै पनि ढड्डे मानसिकतामा छन् भन्ने यही मान्यताले पुष्टि गर्छ । संसारभरि अहिले खुला संसदको अवधारणा तीव्र रूपमा लोकप्रिय र अवलम्बन हुँदै आएको छ ।

जनप्रतिनिधिमूलक सबैभन्दा ठुलो निकाय सबैभन्दा बढी खुला, पारदर्शी, पहुँचयुक्त र अन्तर्क्रियात्मक हुनुपर्छ भन्ने मान्यता छ । यही विषयमा आईएनजीओको पैसा खाएर गफ दिनेहरू पनि पैसा नपाएका बेला मूल्य-मान्यता, मर्यादा र संसदीय गरिमाको गफ दिन्छन् । त्यसैले पैसा पाउँदा एउटा गफ, नपाउँदा अर्को तर्क, पदमा हुँदा एउटा कुरा पदमा नहुँदा वा अवसर नपाउँदा अर्को कुरा गर्ने र वैचारिक रूपमा अस्पष्ट, ढड्डे युगका आफूलाई वरिष्ठ तथा व्यावसायिक स्वघोषणा गर्ने साथीहरू बुद्धिविलास गर्दै गर्नु । नयाँ विचार, मूल्य-मान्यता र प्रविधिलाई आत्मसात गर्न नसक्नेहरू छाडिएका उदाहरण अनगिन्ती छन् ।

अतः संसदीय पत्रकारिताका क्रममा नयाँ पत्रकारबाट केही ढंग नपुगेको सत्य हो । त्यसको समाधान निषेध गरेर होइन, सिकाएर मात्रै गर्नुपर्छ भन्ने हाम्रो मान्यता हो । जबर्जस्ती निषेधको बाटो लिइयो भने हामी कठोर संघर्ष गर्न पनि तयार रहेको अहिले नै चेतावनी दिन चाहन्छौँ । अर्को कुरा गरिमा जोगाउने नाममा संसदलाई खुला, पारदर्शी, पहुँचयुक्त र अन्तर्क्रियात्मक हुन नदिनु पनि जनप्रतिनिधिमूलक निकायको मूल मर्म विपरीत हुन्छ । यसका लागि संसदलाई खुला बनाऔँ, त्यहाँ सहभागीहरूलाई सिकाऔँ । रातोपाटीबाट

## बाघको आक्रमणमा ६ जना घाइते

**राजविराज**/बाघको आक्रमणबाट सोमबार सप्तकोशी नगरपालिका १ फत्तेपुरमा ६ जना घाइते भएका छन् । खोरिया बस्तीमा प्रवेश गरेको बाघले आक्रमण गर्दा उक्त बस्तीका गणेश खत्री, कृष्ण विष्ट र रिजन गोसाई घाइते भएका हुन् ।

बिष्ट र गोसाईलाई उपचारका लागि बिराटनगर लगिएको छ भने खत्रीको फत्तेपुरस्थित मोडल हस्पिटलमा उपचार भइरहेको छ । घर बाहिर बाघ घुमिरहेको चाल नपाई निस्केका खत्री, विष्ट र गोसाई माथी अचानक बाघले आक्रमण गरेको थियो ।

त्यस्तै बाघलाई जालमा पारेर समाउने क्रममा स्थानीय स-मिलमा काम गर्ने तीन जना कामदार समेत सामान्य घाइते समेत प्रहरी चौकी फत्तेपुरका इन्चार्ज पन्नालाल चौधरीले बताए ।

बिहान ६ बजेतिर बाघ उक्त बस्तीमा प्रवेश गरेपछी स्थानीयबीच भागाभाग मचिएको थियो । बाघलाई नियन्त्रणमा लिन स्थानीयले सुरक्षाकर्मी, वन कार्यालय तथा कोशी टप्पु बन्य जन्तु आरक्ष प्रशासनलाई गुहारेका थिए । त्यसपछी सुरक्षाकर्मी, वन कार्यालका प्राविधीक तथा स्थानीय समेत मिलेर बाघलाई नियन्त्रणमा लिएको थियो ।

## ठगी मुद्दामा एक पक्राउ

**राजविराज**/ठगी तथा अपराधिक विश्वासघात, संगठित अपराध सम्बन्धी कसूर मुद्दामा फरार रहेका थप एक प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ ।

रुपनी गाउँपालिका १ रुपनी चौकस्थित एक होटलबाट फागुन १५ गते सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका वडा नं. ६ बस्ने रुपेश कुमार यादवलाई प्रहरीले पक्राउ गरेको हो ।

प्रहरीका अनुसार महेश कुमार यादव समेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रुपेश कुमार यादव समेत भएको ठगी तथा अपराधिक विश्वासघात, संगठित्त अपराध सम्बन्धी कसूर मुद्दामा फरार रहेका थिए ।

पक्राउ परेका यादवमाथी आवश्यक अनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## सवारी ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

**राजविराज**/सवारी ज्यान मुद्दाका एक फरार प्रतिवादीलाई प्रहरीले आइतबार पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा राजविराज नगरपालिका वडा नं. ९ बस्ने २५ वर्षिय सुनिल कुमार मण्डल छन् । पक्राउ परेका मण्डललाई प्रहरीले सप्तरी जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरि अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरीका अनुसार गत कात्तिक ९ गते राजविराज-रुपनी सडक खण्डमा रुपनी ६ निवासी शिवम कुमार यादवले चलाइरहेको मोटरसाइकललाई सुनिलले चलाइरहेको ना.३ख. ७३९० नं. को बसले ठक्कर दिएको थियो । ठक्करबाट गम्भिर घाईते भएका शिवमको स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा उपचारका क्रमम मृत्यु भएको थियो ।

सोही समयदेखी फरार रहेका बस चालक सुनिललाई पक्राउ गरि सवारी ज्यान मुद्दामा सप्तरी जिल्ला अदालतबाट म्याद थप गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**

# जनप्रतिनिधिले स्वास्थ्य क्षेत्रमा बजेट उपेक्षा किन गर्छन् ?

**रमेश कुँवर**

प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयमा कार्यरत रहँदा उक्त प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयमा बजेट ब्रिफिङको क्रममा गएको थिएँ ।

सचिवज्यू भन्दै हुनुहुन्थ्यो, 'स्वास्थ्यमा त टन्न बजेट संघबाट आउछ ।" कुनै नगरपालिकामा कार्यरत एकजना स्वास्थ्य शाखा प्रमुखले, "स्वास्थ्यमा अलि बजेट बढाइदिनुपर्यो" भनेर मेयरसाबलाई भन्दा, "स्वास्थ्यमा त संघीय सशर्तको कार्यक्रम फालाफाल आएका छन्" भनेर भन्नुभयो रे ! यी त केहि दृष्टान्त मात्रै हुन् ।

स्वास्थ्य क्षेत्र शासकहरुबाट सधै प्रताडित रह्यो। शाह वंशको आरम्भमा स्वास्थ्यलाई व्यक्तिगत वा धार्मिक दृष्टिकोणले हेरियो। राणा शासनमा स्वास्थ्य क्षेत्रलाई शासक वर्गको पहुँचमा सिमित पारियो । प्रजातन्त्रको सुरुवाती चरणमा स्वास्थ्यमा सरकारी ध्यान गएतापनि न्यून प्राथमिकतामा राखे । पञ्चायतकालमा आधारभूत स्वास्थ्य क्षेत्रमा सुधार भएपनि बजेट सिमित थियो । बहुदलीय व्यवस्थामा स्वास्थ्य सुधारका व्यापक प्रयास भएतापनि राजनीतिक अस्थिरताले अपेक्षित उपलब्धि हासिल हुन सकेनन् ।

नेपालजस्तो कम आय भएको मुलुकमा स्वास्थ्यमा प्रतिव्यक्ति ८६ अमेरिकी डलर सरकारी लगानी आवश्यक पर्छ। हाल प्रतिव्यक्ति २० अमेरिकी डलर मात्रै सरकारी लगानी रहेको छ। न्यून सरकारी लगानीका कारण व्यक्तिगत खर्चको ५७.२ प्रतिशत खर्च स्वास्थ्यसेवा उपभोगमा मात्रै हुने भएकाले वार्षिक करिब पाँचलाख व्यक्तिहरु गरिबीको दुष्चक्रमा फस्ने गरेको तथ्यांकले देखाउँछ । स्वास्थ्यमा सर्वव्यापी पहुँचको लक्ष्य हासिल गर्न कूल ग्राहस्थ उत्पादनको कम्तिमा ५ प्रतिशत लगानी मात्रै पनि स्वास्थ्य क्षेत्रमा हुन सकेको छैन । सरकारको कूल बजेटको कम्तिमा १० प्रतिशत स्वास्थ्य क्षेत्रमा विनियोजन गर्नुपर्छ भन्ने सर्वव्यापी मान्यता भएतापनि नीति बनाउने सरकारले औसतमा करिब ५ प्रतिशत मात्रै बजेट विनियोजन गर्न सकेको देखिन्छ ।

जनप्रतिनिधिले बजेट बाँडफाँटका बेला स्वास्थ्य क्षेत्रलाई अपेक्षाकृत प्राथमिकता दिन नसक्नुका पछाडि केही कारण छन् । आफ्ना मतदाताप्रति जनप्रतिनिधिको सन्तुलित झुकाव हुनु सामान्य मानिन्छ । कुनैपनि जनप्रतिनिधिको आफ्ना नागरिकको स्वास्थ्य नराम्रो होस् भन्ने चाहना त हुँदैन । तथापि नेपालमा स्वास्थ्य जस्तो आधारभूत आवश्यकतालाई भन्दा सडक, भवन र पुलजस्ता भौतिक पूर्वाधार निर्माणलाई बढी महत्व दिने प्रवृत्ति देखिन्छ । नेताहरुको प्राथमिकता तत्काल देखिने भौतिक उपलब्धिमा केन्द्रित हुने भएकोले स्वास्थ्य जस्तो दीर्घकालिन महत्वका विषयमा कम ध्यान जान्छ । बजेटको सिमितता र जनआकांक्षाको अत्याधिक बढोत्तरीले जनप्रतिनिधिहरुको पर्याप्त ध्यान स्वास्थ्य क्षेत्रले आकर्षण गर्न सक्दैन । संघियतापछिको असमझदारी र कुन तहको भूमिका के रहने ? भन्ने अन्यौलताले गर्दा स्वास्थ्य क्षेत्रमा प्रभावकारी बजेट व्यवस्थापन हुन सकेको छैन । कतिपय स्थानीय तह र प्रदेशले स्वास्थ्य क्षेत्रमा बजेटको जिम्मेवारी केन्द्रकै हो भन्ने बुझेका छन् ।

स्वास्थ्य क्षेत्रमा प्रत्यक्ष आर्थिक लाभको कमीले गर्दा पनि यस्तो भएको हो । सडक, भवन निर्माण जस्ता ठूला भौतिक संरचनामा बजेट विनियोजन गर्दा ठेकेदार, दलाल समूह र जनप्रतिनिधिहरुको व्यक्तिगत स्वार्थ र आर्थिक लाभ जोडिएको हुन्छ । खरिद र निर्माण बाहेक स्वास्थ्य सेवा सुधारमा यस्ता प्रत्यक्ष आर्थिक लाभहरु न्यून हुने हुँदा राजनीतिक नेतृत्वको चासो कम देखिन्छ । नेपालमा नागरिक तहबाट स्वास्थ्य क्षेत्रमा बजेट वृद्धि गर्न दबाब दिने परिपाटी न्यून छ ।

यी समस्याहरुलाई व्याख्या गर्ने केही प्रमाणित सिद्धान्तहरु छन् । मनोविज्ञानमा एक टेम्पो र लडीस काउनटिङको थ्योरी छ । उक्त थ्योरीका अनुसार मानिसहरु तत्काल देखिने फाइदालाई दिर्घकालिन फाइदा भन्दा बढी महत्व दिन्छन् । हाम्रा जनप्रतिनिधिहरु पनि छोटो समयमा लोकप्रियता कमाउने योजनामा बढी केन्द्रित हुन्छन, किनभने स्वास्थ्य सुधारको प्रभाव देखिन वर्षौं लाग्छ ।

समूह सोचको सिद्धान्तअनुसार जब नीति निर्माणकर्ताहरु समान सोच भएका समूहमा हुन्छन्, तिनले वैकल्पिक विचारलाई उपेक्षा गर्छन् । सरकारी बजेट बाँडफाँड गर्दा केही उच्चपदस्थ नेताहरुको प्राथमिकता अनुसार बजेट विनियोजन हुन्छ, जसले गर्दा स्वास्थ्य जस्तो क्षेत्रलाई उपेक्षा गरिन्छ ।

कार्ल मार्क्सको संघर्ष सिद्धान्तअनुसार शक्तिशाली समूहहरु आफ्ना स्वार्थहरु जोगाउन संशाधनलाई नियन्त्रण गर्छन । हाम्रो जस्तो कमजोर शासकीय प्रणाली भएको देशमा स्वास्थ्यक्षेत्रलाई कमजोर बनाएर निजी अस्पतालहरुलाई बढावा दिने वा औषधि आपूर्ति प्रणालीलाई मुनाफामूखी बनाउने प्रयास शक्तिशाली वर्गबाट हुनसक्छ ।

समाजशास्त्री हर्बर्ट ब्लमरको प्रतिकात्मक अन्तरक्रियाको सिद्धान्त अनुसार समाजमा रहने सन्देश र अर्थहरुले पनि नीति निर्माणमा प्रभाव पार्छ । नेपालमा स्वास्थ्यलाई आर्थिक उत्पादकत्व क्षेत्रको रुपमा नभइ "सामाजिक सेवा"को रुपमा बुझ्ने गरिन्छ । यसले गर्दा नीति निर्माताहरु स्वास्थ्य क्षेत्रलाई खर्चिलो र गैर लाभदायक क्षेत्र ठान्छन्। जसले गर्दा बजेट उपेक्षाको कारण बन्छ ।

धेरै हदसम्म भोट बैंक र इन्भेष्ट मेन्टरिटर्नको राजनीतिक आर्थिक आयामले भूमिका निर्वाह गरिरहेको हुन्छ । स्वास्थ्य सेवा सुधारको प्रभाव दीर्घकालीन हुन्छ, जुन आम मतदाताले तुरुन्त महशुस गर्न सक्दैनन् । तर, भौतिक पूर्वाधार ( जस्तैः सडक, पुल, भव्यभवन) को उद्घाटन तत्काल देखिने उपलब्धि हो, जसले मतदातालाई सहजै प्रभावित गर्छ। स्वास्थ्य सेवा सुधार गर्दा कम देखिने र क्रेडिट लिन गाह्रो हुने हुँदा यसलाई उपेक्षा गरिन्छ ।

स्वास्थ्य क्षेत्रमा गैर स्वास्थ्य सेक्टर हाबी छ । नेपालमा स्वास्थ्य नीति निर्माण गर्नेहरु प्रायः स्वास्थ्य क्षेत्रका विज्ञहरु हुँदैनन् । राजनीतिक दलका कार्यकर्ताहरु, पूर्वप्रशासक, वा अन्य क्षेत्रका व्यक्तिहरु हुन्छन् । संघ र प्रदेशका स्वास्थ्य मन्त्रालयहरु निजी क्षेत्र, ठेकेदार वा अन्य शक्तिशाली समूहको प्रभावमा छन् । स्वास्थ्य सम्बन्धी नीति निर्माण र स्रोत विनियोजन प्रक्रियामा जनस्वास्थ्य विज्ञ वा चिकित्सकहरुको भूमिका कमजोर रहने भएकोले यस क्षेत्रमा अपेक्षित सुधार हुन सकेको छैन ।

स्वास्थ्यमा ब्राण्डिङ्गको अभाव पनि छ । अन्य क्षेत्रले ब्राण्डिंग गरेर बजेट तान्न सफल भएपनि स्वास्थ्य क्षेत्रमा यो कम भएको छ । भिजिट नेपाल र मेड इन नेपाल जस्ता प्रचारात्मक नाराहरु प्रख्यात छन्।स्वास्थ्यलाई राष्ट्रिय गौरवका आयोजनाहरुमा समावेश गर्न सकिएको छैन । स्मार्ट सिटी भन्दा सरकार उत्साही हुन्छ तर स्मार्ट स्वास्थ्य सेवा भन्दा पछाडि पर्छ ।

**अब के गर्ने ?**

स्वास्थ्यलाई भोट बैंकको रुपमा जोड्नु पर्छ । जनप्रतिनिधिले स्वास्थ्यलाई प्रत्यक्ष रुपमा मतदाता जोड्ने विषय ठानेमा मात्र उनीहरु यसमा चासो देखाउछन् । त्यसैले स्वास्थ्य सुधारले चुनाव जित्न मद्दत गर्छ भन्ने तथ्य र तथ्यांक उदाहरण सहित प्रस्तुत गर्नुपर्छ। निःशुल्क औषधि, बर्थिङ सेन्टर निर्माण, निःशुल्क खोप, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यका निःशुल्क सेवा, स्वास्थ्य बिमा लगायतका स्वास्थ्यसँग सम्बन्धित सामाजिक सुरक्षा जस्ता लोकप्रिय योजनाहरुलाई प्रत्यक्ष मतदाता लाभसँग जोडेर देखाउनु पर्छ । स्वास्थ्य क्षेत्रमा लगानी गर्दा नेताहरुको छवि राम्रो बन्छ भन्ने तथ्य पुष्ट्याई गर्नुपर्छ ।

नेताहरुलाई तुरुन्तै नतिजा देखिने योजनाहरु मनपर्ने भएकाले अस्पताल सुधार, बर्थिङ सेन्टर, नयाँ सेवा शुरु, एम्बुलेन्स वितरण, टेलिमेडिसिन जस्ता योजनाहरु पनि तुरून्तै प्रभाव देखिने योजना हुन भन्ने विश्वास दिलाउन सक्नुपर्छ ।

अहिले जनप्रतिनिधिले सुन्ने भनेकै जनतालाई हो । जनबोली प्रतिनिधित्व गर्ने मिडिया, नागरिक समाज, विद्यार्थी संगठन, बुद्धिजीविहरु मिलेर जनदबाब सिर्जना गर्नुपर्छ । अहिलेको नेतृत्व सामाजिक संजालबाट निर्देशित छ । सामाजिक सञ्जालमा इन्फ़्लुएन्सर मार्फत् स्वास्थ्य क्षेत्रका कमीकमजोरी उजागर गर्ने अभियानहरु चलाउनु पर्छ। जनप्रतिनिधिलाई स्वास्थ्य सुधार गरिएन भने चुनाव हार्न सकिन्छ भन्ने डर सिर्जना गर्नुपर्छ ।

नेताहरुको निजी लाभ देखाउने गरी पोलिटिकल ब्रान्डिङ्ग गर्नुपर्छ। नेताहरुलाई स्वास्थ्य सुधारमा संलग्न भएर छवि सुधार गर्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत गर्नुपर्छ। स्वास्थ्य क्षेत्रमा सुधार गर्दा राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरको छवि बनाउन सकिन्छ भन्ने बुझाउनु पर्छ। धनगढी उपमहानगरपालिकाका मेयरले विशेषज्ञ चिकित्सकद्वारा वडा क्लिनिक, धरान उपमहानगरपालिकाका मेयरले स्वास्थ्य सिटी र खगराज अधिकारी स्वास्थ्यमन्त्री हुँदा अहिलेसम्मकै सबैभन्दा बढी बजेट स्वास्थ्य क्षेत्रमा भित्र्याउन सफल भएका असल अभ्यासहरुको मुक्त कण्ठक भएर प्रशंसा गर्नुपर्छ। प्राय जनप्रतिनिधिहरु प्रशंसाका भोका हुन्छन् । हामीले यो अवसरलाई क्यास गर्न सक्नुपर्छ।

स्वास्थ्य सुधारलाई आर्थिक विकाससँग जोडेर बुझाउनु पर्छ । नेताहरुलाई स्वास्थ्यमा छुट्याइने बजेट 'खर्च' मात्रै नभई 'लगानी' पनि हो भनेर विश्वस्त पार्नुपर्छ । राष्ट्रको बहुआयामिक विकास नागरिकको स्वास्थ्य अवस्थामा भरपर्छ । मानव विकास सूचकांकको एउटा प्रमुख सूचक स्वास्थ्य पनि हो । मानवपूँजी सूचकांकमा समेत स्वास्थ्यका सूचकहरु समाविष्ट छन् । स्वस्थ नागरिक भनेको उत्पादनशील नागरिक हो भन्ने अवधारणालाई बलियो बनाउनु पर्छ । मानव पूँजी निर्माण, आर्थिक वृद्धि र गरिबी न्यूनीकरणमा स्वास्थ्यको भूमिका स्पष्ट पार्नुपर्छ ।

नेताहरुलाई अन्तराष्ट्रिय मान्यताबाट दबाब सिर्जना गर्न लगाउनुपर्छ। अन्तराष्ट्रिय रुपमा स्वास्थ्य सुधारका लागि पहिचान बनाउने गरी विश्व स्वास्थ्य संगठन, युनिसेफ, गाभी लगायतका विश्वस्तरका संस्थाबाट पुरस्कार, सम्मान वा विशेष अनुदान मार्फत नेताहरुको ध्यान खिच्न सकिन्छ ।

**अन्त्यमा,**

बजेट तथा योजना निर्माण र कार्यान्वयन चरणमा कार्यकूशलता, सक्षमता, प्रगुणता लगायतका विषयलाई नजर अन्दाज गर्न सकिदैन । स्वास्थ्यका २० देखि ४० प्रतिशत श्रोतसाधनहरु विनियोजन दक्षता नभएर खेर जान्छ भनेर सन् २०१० मै विश्व स्वास्थ्य संगठनले भनिसकेको छ । स्वास्थ्यकर्मीका काम गराइ र बजेट खर्च गर्ने तौर तरिकाले पनि जनप्रतिनिधिले बुझाई निर्माण गर्छन् । सुक्ष्म तरिकाले निगरानी गरिरहेका हुन्छन् । स्थानीय तहमा जनप्रतिनिधि निर्वाचित भएर आए पश्चात सुरुवाती वर्षमा राम्रै बजेट विनियोजन गरे । स्वास्थ्य शाखाका कर्मचारीले कार्यान्वयन गरेका कार्यक्रम अवलोकन गरे । प्रभावकारी तरिकाले कार्यसम्पन्न गर्ने स्थानीय तहमा बजेट विनियोजनमा बढोत्तरी गरेका उदाहरण पनि छन् । (कुँवर स्वास्थ्य कार्यालय कैलालीमा कार्यरत छन) स्वास्थ्य खबरबाट

## बिटौरी र ब्लक जग्गा समस्या समाधानका लागि सक्दो सहयोग गर्ने : पूर्व मेयर

**राजविराज**/राजविराज नगरपालिकाका पूर्वमेयर शम्भु प्रसाद यादवले बिटौरी र ब्लक जग्गा समस्या समाधानका लागि आफू सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

राजविराजमा बिहीबार पत्रकार सम्मेलनको आयोजना गर्दै उनले उक्त समस्या समाधानमा आफू सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउँदै उक्त समस्या समाधानका लागि आफू बाधक बनेको भनी गरिएको दुश्प्रचारप्रति आपत्ति समेत जनाएका छन् ।

उनले आफू बाधक रहेको कुरा प्रमाणित गरे राजनीतिबाटै सन्यास लिने पनि उद्घोष गरे । आफ्नो नाम जोडेर केही व्यक्तिले त्यस्ता दुश्प्रचार गरेकोप्रति गम्भिर आपत्ति व्यक्त गरे ।

आफू मेयर भएको बेला २०७५ सालमा तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर राजविराज नगरपालिकामा रहेको बिटौरी र ब्लक जग्गाको समस्या समाधानका लागि आग्रह गरेको बताउँदै उनले अहिले पनि त्यसको समस्या समाधानमा आफूबाट हुन सक्ने सहयोग र खेल्नुपर्ने भूमिकाका लागि तत्पर रहेको प्रतिबद्धता समेत जनाएका छन् ।

आफ्नो कार्यकालमा अनलाइनमार्फत जग्गाको श्रेस्ता राख्ने मालपोत कार्यालयमा प्रणाली सुरु भएपछी बिटौरी जग्गा अनलाइनमा नदेखिने कारणले त्यस्तो भएको भन्दै आफूले त्यस्तो जग्गामा ऋण प्रवाहा गर्न कुनै बाधा रोकटोक नगरेको स्पष्ट पारे ।

## रामअशिषलाई निमित्त क्याम्पस प्रमुखको जिम्मेवारी



**राजविराज**/महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पस राजविराजका उपप्राध्यापक रामअशिष यादव निमित्त क्याम्पस प्रमुखमा नियुक्त भएका छन् । त्रिभुवन विश्वविद्यालयले यादवलाई निमित्त क्याम्पस प्रमुखको जिम्मेवारी दिएको हो ।

तत्कालिन क्याम्पस प्रमुख सहप्रध्यापक राजिवकुमार मिश्रको पदावधि माघ २८ गते समाप्त भएदेखि क्याम्पस प्रमुख पद रिक्त रहेको थियो ।

निमित क्याम्पस प्रमुखको जिम्मेवारी प्राप्त गरेका यादवले बुधबार पदभार ग्रहण गरेका हुन् । यादवले पदभार ग्रहण गरेपछि क्याम्पसको शैक्षिक वातावरण सुधार गर्दै पठान पाठन नियमित गराउने प्रतिबद्धता जनाए ।

यसैबीच स्वतन्त्र विद्यार्थी युनियनद्वारा क्याम्पस प्रमुखको कक्षमा गरिएको तालाबन्दी पनि बुधबार नै सहमति पश्चात् खोलिएको छ ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**

# मधेश कृषि विश्वविद्यालयका उपकुलपति र रजिष्टार निलम्बित








**राजविराज**/मधेस कृषि विश्वविद्यालयका उपकुलपति डा. वैजनाथ महतो र रजिष्टार श्रीभगवान ठाकुरलाई पदबाट निलम्बन गर्ने निर्णय भएको छ ।

विश्वविद्यालयका कुलपतिसमेत रहेका प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहको उपस्थितमा जनकपुरधाममा भएको सिनेटको बैठकबाट बहुमतले पारित भएपछि डा महतो र ठाकुरलाई निलम्बन गर्ने निर्ण गरिएको हो ।

प्रदेश सरकारका नीति तथा योजना आयोगका उपाध्यक्ष डा सोहनप्रसाद साहको नेतृत्वमा गठित तीन सदस्य समितिले गत असोज ७ मा बुझाइएको प्रतिवेदनका आधारमा दुवैजना विश्वविद्यालयको अनाधिकृत गतिविधिमा संलग्न रहेको पाइएकाले सिनेटबाट दुवैलाई बर्खास्त गर्ने निर्णय भएको जनाइएको छ ।

लामो समयदेखि सभा नहुँदा विश्वविद्यालयमा आर्थिक कारोबार ठप्प भएपछि विश्वविद्यालयका पदाधिकारी तथा कर्मचारीले तलब पाउन सकेका थिएनन् ।

सेवा प्रदायकहरूले बक्यौता रकम नपाउँदा शैक्षिक सामग्री, इन्धन, विद्युत्, पानी, सञ्चारलगायत सेवा अवरोध गरेका छन् भने यहाँ अध्ययनरत कृषि विज्ञानका दुई सेमेस्टरका एक सय विद्यार्थीको नियमित पढाइ भएको छैन ।

# सडक निर्माण तथा विस्तार कार्यलाई रोक्न अन्तिरिम आदेश

**राजविराज**/उच्च अदालत जनकपुर-राजविराज इजलासले हुलाकी सडक अन्तरगत राजविराज-कंचनपुर सडक खण्डको निर्माण तथा विस्तार कार्य हाललाई रोकिने अन्तिरिम आदेश दिएको छ ।

न्यायाधीश शुशिल कोइरालाको एकल इजलासले अन्तिरिम आदेश जारी गरेपछि सडक निर्माण तथा विस्तार कार्य रोकिने भएको हो ।

साविक सडकको केन्द्र विन्दुबाट दुवै तर्फ समानुपातिक रुपमा बराबरी पर्ने गरी सडक निर्माण नभईरहेको भन्दै एक पक्ष न्यायका लागि अदालत पुगेका थिए ।

स्थानिय नुरजहाँ बेगमले राजविराज नगरपालिकालाई विपक्षी बनाई उच्च अदालत जनकपुर राजविराज इजलासमा दायर गरेको निषेधाज्ञा मुद्दामा मंगलबार सुनुवाई भए पश्चात् उक्त आदेश आएको हो ।

"निवेदकले अन्तिरिम आदेश माग गरेको सम्बन्धमा भएको बहस र विचार गर्दा सर्वे नापी नक्सामा भएको सडकलाई आधार मानि सडकको केन्द्र विन्दुबाट दुवै तर्फ समानुपातिक रुपमा बराबरी पर्ने बाहेक निवेदकको हकभोग र स्वामित्वको जग्गा तर्फबाट मात्र हस्तक्षेत्र गरेर सडक निर्माण कार्य नगर्नु गराउनु" जारी आदेशमा उल्लेख छ ।

उक्त विषयमा कुनै आधार र प्रमाण भए बाटाका म्याद बाहेक १५ दिन भित्र उच्च सरकारी वकिल कार्यालय राजविराज मार्फत लिखित जवाफ पेश गर्नु भनि समेत विपक्षी राजविराज नगरपालिकाको नाममा अदालतद्वारा जारी आदेशमा उल्लेख छ ।

# लागुऔषधसहित तीन पक्राउ

**राजविराज**/सप्तरी प्रहरीले लागुऔषधसहित जिल्लाको दुई स्थानबाट तीन युवकलाई पक्राउ गरेको छ ।

जिल्लाको बलान बिहुल गाउँपालिका १ स्थित प्रहरी चौकी मौवाबाट खटिएको प्रहरी गस्ती टोलीले उदयपुरको त्रियुगा ९ वस्ने २१ वर्षिय चुडामणी राय माझी र २० वर्षका सुमन परियारलाई लागुऔषधसहित पक्राउ गरेको हो ।

प्रहरीले उनीहरुको शरीर खानतलासी गर्दा कालो रंगको तीनवटा प्लाष्टिकको पोकाहरु र लागुऔषध निट्राभेट-१० एक पत्ता १४ पिस ट्याब्लेट, फेनारगन इन्जेक्शन २ एमएलको ९७ एम्पुल, बुप्रेनोरफाइन इन्जेक्शन २ एमएल को ९७ एम्पुल, डाइजापाम इन्जेक्शन २ एमएलको ९७ एम्पुल बरामद भएको हो ।

यस्तै प्रहरीले जिल्लाको सुरुङ्गा नगरपालिका ४ कदमाहामा एक पैदल यात्रीलाई लागुऔषधसहित पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा उदयपुर जिल्लाको त्रियुगा नगरपालिका ४ बगाहा टोल बस्ने २३ वर्षका सागर मगर छन् ।

पक्राउ परेका मगरका साथबाट फेनारगन इन्जेक्शन २ एमएलको ११ एम्पुल, बुप्रेनोरफाइन इन्जेक्शन २ एमएलको ११ एम्पुल, डाइजापाम इन्जेक्शन २ एमएलको ११ एम्पुल बरामद भएको हो ।

बरामद भएको लागुऔषध र पक्राउ परेका तीनै जनालाई सप्तरी जिल्ला अदालतबाट सात दिनको म्याद थप गराई इलाका प्रहरी कार्यालय कडरवोनाले अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

अनुरोधकर्ता
शम्भुनाथ नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
सप्तरी, मधेश प्रदेश

## अन्तर्राष्ट्रिय समाचार

### पाकिस्तानले अफगानी नागरिकहरूलाई मार्च ३१ सम्ममा देश छोड्न आग्रह

**इस्लामाबाद**/पाकिस्तान सरकारले पाकिस्तानमा बसोबास गर्ने अफगानी नागरिकहरूलाई मार्च ३१ सम्ममा देश छोड्न आग्रह गरेको एआरवाई न्यूजले रिपोर्ट गरेको छ । एआरवाई न्यूजका अनुसार पाकिस्तानको आन्तरिक मन्त्रालयले अफगान सिटिजन कार्ड (एसीसी) धारकहरूलाई देश छोड्न आग्रह गर्‍यो, अन्यथा उनीहरूलाई अप्रिल १ देखि देश निकाला गरिने मन्त्रालयले एक विज्ञप्तिमा जनाएको छ ।

यसअघि, पाकिस्तानले अफगानहरूलाई देश छोड्ने योजना बनाएको रिपोर्टहरू बाहिर आएका थिए, तर आन्तरिक मन्त्रालयले आधिकारिक रूपमा पुष्टि गरेको यो पहिलो पटक हो ।“अवैध विदेशी स्वदेश फिर्ता कार्यक्रम (आइएफआरएफ) नोभेम्बर १, २०२३ देखि लागू भएको छ । “सबै अवैध विदेशी र एसीसी धारकहरूलाई ३१ मार्च, २०२५ अघि स्वेच्छाले देश छोड्न सल्लाह दिइन्छ । त्यसपछि, अप्रिल १, सन् २०२५ बाट निर्वासन सुरु हुनेछ,” विज्ञप्तिमा भनिएको छ । मन्त्रालयले अफगान नागरिकहरूलाई देश छोड्न पर्याप्त समय दिएको बताएको छ । “स्वदेश फिर्ताको क्रममा कसैलाई पनि दुर्व्यवहार नगर्नेमा जोड दिइएको छ । उनीहरूका लागि खाना र स्वास्थ्य सेवाको पनि व्यवस्था गरिएको छ ।”

यसमा थपिएको छ,“पाकिस्तान एक जिम्मेवार देशको रूपमा आफ्नो प्रतिबद्धता र दायित्वहरू पूरा गरिरहेको छ । पाकिस्तानमा बस्ने व्यक्तिहरूले सबै कानूनी औपचारिकता पूरा गर्नुपर्ने र पाकिस्तानको संविधानको पालना गर्नुपर्छ ।” यसअघि, मानवअधिकार सङ्गठन र शरणार्थी वकालत गर्ने समूहहरूको गठबन्धनले अफगान आप्रवासीहरूलाई जबरजस्ती निष्कासन रोक्न पाकिस्तान सरकारलाई आग्रह गरेको थियो । एउटा खुला पत्रमा समूहहरूले मानवअधिकार रक्षक सहित धेरै अफगान शरणार्थीहरू हिंसा, उत्पीडन र उत्पीडनको कारण आफ्नो मातृभूमि छोडेर भागेको कुरामा जोड दिए । रिपोर्टका अनुसार पत्रमा महिला, बालबालिका र वैध भिसा भएका अफगान आप्रवासीहरूले जबरजस्ती निष्कासन, हिरासत र उच्च भिसा शुल्कको सामना गरिरहेको पनि उल्लेख गरिएको छ । विशेष गरी तालिबान जस्ता समूहहरूको उदय पछि हालैका वर्षहरूमा, पाकिस्तानी सरकारले अफगान शरणार्थीहरूको लामो समयसम्म बसाइलाई सुरक्षा खतराको रूपमा हेर्न थालेको छ । हालै, पाकिस्तानले अवैध बसोबास र सुरक्षा जोखिमलाई उद्धृत गर्दै निष्कासन सुरु गरेको छ । यी निष्कासनहरूले मानव अधिकार, क्षेत्रीय स्थिरता र अफगान छिमेकीहरूप्रति पाकिस्तानको जिम्मेवारीमाथि बहस सुरु गरेको छ । एजेन्सी

### एआई पूर्वाधार प्रविधिमा माइक्रोसफ्टको ऐतिहासिक लगानी

**जोहानेसबर्ग**/माइक्रोसफ्टले सन् २०२७ को अन्त्यसम्ममा दक्षिण अफ्रिकामा आफ्नो क्लाउड र आर्टिफिसियल इन्टेलिजेन्स पूर्वाधार विस्तार गर्न ५.४ अर्ब रेन्ड (लगभग २९७ लाख अमेरिकी डलर) लगानी गर्ने घोषणा गरेको छ । माइक्रोसफ्टका अध्यक्ष ब्राड स्मिथले जोहानेसबर्गमा आयोजित एक कार्यक्रममा यो घोषणा गर्नुभयो । उक्त कार्यक्रममा दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसा पनि उपस्थित थिए । स्मिथले दक्षिण अफ्रिकाको जोहानेसबर्ग र केप टाउनमा पहिलो इन्टरप्राइज-स्केल डाटा सेन्टर स्थापना गर्न विगत तीन वर्षमा कम्पनीले २० बिलियन रेन्ड लगानी गरेको बताउनुभयो । कार्यक्रममा बोल्दै रामाफोसाले लगानीको स्वागत गर्दै यसले दक्षिण अफ्रिका र यसको अर्थतन्त्रमा निरन्तर विश्वास झल्काउने उल्लेख गर्नुभयो । “दक्षिण अफ्रिकी अर्थतन्त्रमा अपार सम्भावना छ र व्यापार गर्नको लागि एक अनुकूल ठाउँ हो, जहाँ उनीहरूको लगानी सुरक्षित छ,” उहाँले थप्नुभयो । एजेन्सी

### युक्रेनमा १२ जनाको मृत्यु

**युक्रेन**/शनिबार बिहानसम्म पूर्वी युक्रेनमा रातभर गरिएको रूसी आक्रमणमा कम्तीमा १२ जनाको मृत्यु भएको देशको आपतकालीन सेवाले जनाएको छ । यो घटना साउदी अरेबियामा अमेरिका र युक्रेनी वार्ताकारहरूबीच युद्धविरामको लागि हुने वार्ताको केही दिन अगाडि भएको हो । युक्रेनको डोनेट्स्क क्षेत्रको डोब्रोपिलियाको केन्द्रमा शुक्रबार राति भएको रुसी आक्रमणमा ११ जनाको मृत्यु हुनुका साथै ३० जना घाइते भएको आपतकालीन सेवाले जनाएको छ । खार्किभ क्षेत्रका सैन्य प्रमुख ओलेग सिनेगुबोभले शनिबार बिहान बोगोदुखिभ सहरमा भएको ड्रोन हमलामा एक जनाको मृत्यु भएको र अन्य सात जना घाइते भएको बताउनुभयो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसमाथि नयाँ प्रतिबन्ध र शुल्क लगाउने धम्की दिएका बेला रातभर हवाई आक्रमण भएको हो । अमेरिकी राष्ट्रपतिले शुक्रबार पत्रकारहरूलाई भन्नुभयो, “उहाँ रूसी राष्ट्रपति भ्लादिमिर पुटिनमाथि विश्वास गर्नुहुन्छ । मलाई वास्तवमै युक्रेनसँग सम्झौता गर्न गाह्रो लाग्छ र उनीहरूसँग कुनै विकल्प छैन । रूससँग सम्झौता गर्न सजिलो हुन सक्छ ।”

साथै, पत्रकारहरूलाई मन्तव्य दिएको केहि समय पछि राष्ट्रपति डोनाल्ड ट्रम्पले शुक्रबार युक्रेनमा बमबारी गरेकोमा रुसमाथि नयाँ प्रतिबन्ध र कर लगाउने धम्की दिनुभएको छ । “रूसले अहिले युद्धभूमिमा युक्रेनलाई पूर्ण रूपमा आक्रमण गरिरहेको छ । म युद्धविराम र शान्ति सम्झौतामा पुग्न नसकेसम्म रूसमाथि ठूलो मात्रामा बैंकिङ प्रतिबन्ध, नाकाबन्दी लगाउने बारेमा दृढतापूर्वक विचार गरिरहेको छु,” ट्रम्पले आफ्नो सामाजिक सञ्जाल प्लेटफर्ममा उल्लेख गर्नुभयो । “रूस र युक्रेन, अब वार्ताको टेबलमा आउनुहोस्,” उहाँले लेख्नुभयो । ट्रम्पको धम्की यस्तो समयमा आएको हो, जब रुसले शुक्रबार युक्रेनको ऊर्जा पूर्वाधारमा ठूलो ड्रोन र मिसाइल आक्रमण गरेको थियो । केही दिनअघि राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीसँगको विवादपछि ट्रम्प प्रशासनले युक्रेनसँग अमेरिकी सैन्य सहायता वितरण र गुप्तचर आदान प्रदानमा रोक लगाएको थियो । नेशनल इकोनोमिक काउन्सिलका निर्देशक केभिन ह्यासेटले ट्रम्पको धम्की कूटनीतिक रणनीतिको हिस्सा भएको बताउनुभयो । “राष्ट्रपति ट्रम्प अडिग छन् कि हामीले सबैलाई टेबुलमा ल्याउनुपर्छ । उहाँले सबैसँग कुरा गर्दै हुनुहुन्छ,” ह्यासेटले पत्रकारहरूलाई बताउनुभयो । एजेन्सी

# राजविराजको पोल्टामा मेयरकपको उपाधी




**राजविराज**/सप्तरीको कंचनरुप नगरपालिकामा जारी मेयरकप सिजन २ को उपाधिमाथी राजविराज नगरपालिकाले कब्जा जमाएको छ।

कंचनरुप नगरपालिकाको आयोजनामा भएको पालिका स्तरीय मेयरकप क्रिकेट प्रतियोगिताको शनिवार सम्पन्न फाईनल खेलमा सुरुङ्गा नगरपालिकालाई ३७ रनले पराजित गर्दै राजविराज नगरपालिकाले उपाधी माथि कब्जा जमाएको हो।

टस जितेर ब्याटिङ्ग रोजेको राजविराज नगरपालिकाले निर्धारित २० ओभरको खेलमा १९ दशमलव १ ओभर खेल्दै सबै बिकेट गुमाएर गुमाई १ सय ४४ रनको योगफल बनाएको थियो।

राजविराजका तर्फबाट विकास दासले सर्वाधिक ४१, नितेश यादव १९, सदाम आलम १८ र विजय यादवले १६ रनको योगदान दिए। बलिंग तर्फ सुरुङ्गाका शम्भु मंडल र विकेश चौधरी ३/३ र ओम प्रकाश चौधरीले २ तथा कर्ण बहादुर विकले १ विकेट लिए।

राजविराजले दिएको १ सय ४५ रनको लक्ष्य सहित जवाफी व्यटिङ्गमा उत्रिएका सुरुङ्गा नगरपालिकाले १८ दशमलव १ ओभरमा सबै विकेट गुमाएर मात्र १ सय ७ रन बनाए।

सुरुङ्गाको तर्फबाट शम्भु मण्डल र जेनिष पासवानले समान २१/२१ रन बनाए भने ओमप्रकाश चौधरी २० र कर्ण बहादुर विकले १५ रन बनाएपनि टिमलाई भने विजयी गराउन सकेनन्।

बलिंग तर्फ राजविराजका अभिषेक कार्की ४, नितेश यादब ३ र सोहिल आलम, मोहम्मद सकिम, विकास दासले १/१ बिकेट हात पारेका थिए।

उपाधी माथि कव्जा गरेसँगै विजेयता राजविराज नगरपालिकाले १ लाख १ हजार र उपविजेता सुरुङ्गा नगरपालिकाले ५५ हजार नगद पुरस्कार प्राप्त गरेको छ।

फाईनल खेलको प्लेयर अफ द म्याच अभिषेक कार्की घोषित भए। यसैगरि प्लेयर अफ दि सिरिज राजविराजका विकास दास, बेस्ट बलर सुरूगां नगरपालिकाका विकेश चौधरी, बेस्ट ब्याटर हनुमाननगर कंकालनी नगरपालिकाका गोमान्नद अमात तथा अनुसासित टिम तिलाठीकोईलाडी गाउँपालिका घोषित भएका छन्।

प्रतियोगिता समाप्तिपछि आयोजित पुस्कार वितरण समारोहमा विजेता र उपविजेतालाई कंचनरूप नगरपालिकाका नगरप्रमुख ललन प्रसाद गुप्ता, सुरूगां नगरपालिका प्रमुख गिता चौधरी, कंचनरूप नगरपालिका उपप्रमुख मुन्ना कुमारी पोखरेल, सुरूगां नगरपालिकाका सहितकाले शिल्ड, कप, मेडल, प्रमाणपत्र प्रदान गर्नु भएको थियो।

सप्तरी क्रिकेट सँघको समन्वयमा आयोजित प्रतियोगितामा जिल्लाको ९ वटा पालिकाका टिमले सहभागिता जनाएका थिए।

## ठूलो परिमाणको...

खतिवडाले राजविराज ९ मलेठस्थित रहेको गोदामको जग्गा राजनारायण साहको नाममा रहेको बताए। उक्त गोदाम कसैले भाडामा लिई तस्करी धन्दा चलाउने गरेको जानकारी आएपनि यसबारे अनुसन्धनपछी मात्र सत्यतथ्य सार्वजनिक गरिने उनले बताए। श्रोतका अनुसार उक्त गोदाम राजविराजका रोशन भनिने राजेश कुमार यादवले भाडामा लिएका थिए। पक्राउ परेका चौकीदार रोशनका बुढा ससुरा हुन्।

प्रहरीले गोदाम भाडामा लिइएको भनिएका रोशनको खोजि कार्य भइरहेको तथा जग्गाधनी साहसँग समेत गोदाम भाडा लगायतका विषयमा सोधपुछ गरि अनुसन्धान अघि बढाइने जनाएको छ।

# एउटै पालिका फरार तीन प्रतिवादी पक्राउ

**राजविराज**/सप्तरी प्रहरीले अदालतबाट विभिन्न मुद्दामा सजाय जरिवाना तोकिएर फरार रहेका एउटै पालिका तीन जना प्रतिवादीलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा ५० देखी ५ सय रुँपैया जरिवाना तोकिएका फरार प्रतिवादीहरु छन्। जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार किर्ते जालसाजी मुद्दामा सप्तरी जिल्ला अदालतबाट ५० रुँपैया जरिवाना तोकिएर फरार रहेका जिल्लाको रुपनी गाउँपालिका २ निवासी नन्दलाल मण्डल छन्।

यस्तै अदालतको हवहेलना मुद्दामा सोही गाउँपालिका वडा नं. २ का रामसुन्दर मण्डल खत्वेलाई एक सय तथा सोही पालिकाका भोगेन्द्र मण्डललाई कुटपिट मुद्दामा पाँच सय जरिवाना तोकिएर फरार रहेका प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ परेका तीनै जनालाई आइतबार सप्तरी जिल्ला अदालत राजविराजमा उपस्थिति गराई जरिवाना दाखिला गराइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# विद्यार्थीलाई यौन दुर्व्यहार गर्ने शिक्षक पक्राउ

**राजविराज**/विद्यार्थीमाथी यौन दुर्व्यहार गरेको आरोपमा सप्तरीका एक विद्यालयका शिक्षक पक्राउ परेका छन्।

पक्राउ पर्नेमा जिल्लाको सप्तकोशी नगरपालिका २ सिद्धिपुरस्थित गोवर्द्धन वैरागी जनता उच्च माध्यमिक विद्यालयका शिक्षक रमेश कुमार राउत छन्।

उक्त विद्यालयमा करार सेवामा शिक्षक पदमा कार्यरत ३३ बर्षीय राउतले मंगलवार कक्षा १० मा अध्ययनरत एक छात्रा माथि विद्यालयको कोठामा यौन दुर्व्यवहार गरेको पाइएको प्रहरीको भनाई छ।



प्राक्टिकल विषयमा राम्रो अंक दिने र सोही विषयमा केही कुरा गर्नुछ भन्दै कक्षाकोठामा लगि यौन दुर्व्यवहार गर्न थालेपछि आफू चिच्याएको पीडित छात्राले प्रहरी समक्ष वयान दिएकी छिन्। छात्राले हल्ला गरेपछि पुगेका विद्यार्थी र अभिभावकले शिक्षक राउतलाई नियन्त्रणमा लिई प्रहरीलाई खवर गरेका थिए।

उक्त घट्ना पीडित छात्राका आफन्तले बुधबार इलाका प्रहरी कर्यालय कंचनपुरमा शिक्षक राउत विरुद्ध उजुरी दिएका छन्। इलाका प्रहरी कार्यालय कंचनपुरका प्रहरी नायव उपरीक्षक महेन्द्र नेपालले पक्राउ परेका शिक्षक राउतलाई बुधवार सप्तरी जिल्ला अदालतबाट म्याद थप गराई यौन दुर्व्यवहार कसुरमा अनुसन्धान अघि बढाईएको जानकारी दिए।


## जैविक विविधताको संरक्षण गरौं

➢ वनजङ्गलको संरक्षण र वृक्षारोपणका कार्यक्रम संचालन गरौं,

➢ जलाधार क्षेत्र र सिमसार क्षेत्रको संरक्षणमा जुटौं,

➢ दुर्लभ वनस्पति तथा पशुपंक्षीको अवैध सिकार र तस्करीविरुद्ध आवाज उठाऔं,

➢ वातावरणीय सन्तुलन कायम हुने गरी विकासको कार्यक्रम संचालन गरौं,

➢ परम्परागत कृषि बाली र पशु नश्लको संरक्षण गरौं ।

**जैविक विविधताको संरक्षण बारेमा जनचेतना जगाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड



## सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ। तर, यसबारे धेरैलाई जानकारी छैन्। धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन्। धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन्। छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन्। मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ।

**कंकालिनी मन्दिर :** हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो।

**शम्भुनाथ मन्दिर :** यो शम्भुनाथ नगरपालिकाभित्र छ। मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ। यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ। साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ।

**हनुमान मन्दिर :** हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ। कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन्। जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन्।

**कोशी टप्पु :** कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन्। कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ।

**धारापानी क्षेत्र :** चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ। यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ।

**लोहजारा दह :** तिरहुत गाउँपालिकामा रहेको छ यो दह। यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ। यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं। **सप्तरीका पर्यटकीय स्थलहरुको संरक्षणमा आ-आफ्नो तर्फबाट योगदान पुऱ्याऔं।**

**जनहीतका लागि :** **उद्योग, बाणिज्य तथा पर्यटन मन्त्रालय, मधेश प्रदेश, पर्यटन विकास कार्यालय लहान, सिरहा**


**प्रकाशक :** श्रीमती सुमित्रा गुप्ता, **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *saptahiknavin@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*